## नेपाल दूरसञ्चार प्राधिकरणबाट कार्यालय सञ्चालन सम्बन्धमा जारी गरिएको सूचना

काठमाण्डौं जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७७।०५।०२ मा जारी आदेश बमोजिम मिति २०७७।०५।०३ गते राति १२:०० बजे देखि २०७७।०५।१० गते राति १२:०० बजेसम्म काठमाण्डौं जिल्लाभर निषेधाज्ञा जारी भएकोले उक्त अवधिमा प्राधिकरणमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले कार्यालयको काम आ-आफ्नो घरमै बसि (Work From Home) बाट अनिवार्य रुपमा बिहान १०:०० बजे देखि ५:०० बजेसम्म दैनिक अनलाईन बसि महाशाखा प्रमुखको निर्देशन बमोजिम Office Automation System बाट दैनिक सम्पन्न गर्नु हुन र कार्यालय समय अवधिभर कुनै पनि समयमा सम्पर्क राख्नु पर्ने अवस्था आउन सक्ने भएकोले आफ्नो मोवाइल/टेलिफोन साथमा लिई बस्नु हुन जानकारी गराईन्छ । साथै अत्यावश्यक कामका लागि कार्यालयबाट बोलावट भएमा तत्काल कार्यालयमा उपस्थित हुनु पर्नेछ । यसरी निषेधाज्ञा अवधि भर आ-आफ्नो घरमै बसि (Work From Home) बाट कार्यालयको कामकाज गरेको अवधिभरको लागि प्राधिकरणको सेवा सञ्चालन मार्गदर्शन, २०७७ बमोजिम विना भत्ता हाजिरी काज उपलब्ध गराईनेछ ।

प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुको हकमा प्राधिकरणबाट हुने सहजीकरणका काम नियमित रुपमा यथावत हुनेछन र सो प्रयोजनको लागि सेवा प्रदायकहरुले प्राधिकरणको इमेल ठेगाना ntra@nta.gov.np र info@nta.gov.np मा पत्राचार गर्नु हुन जानकारी गराईन्छ । तसर्थ काठमाण्डौं जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७७।०५।०२ मा जारी आदेशको पूर्ण परिपालना गरी उक्त आदेशको बुँदा नं. ६ मा उल्लेख भए बमोजिम अत्यावश्यक कामको लागि मात्र न्यूनतम कर्मचारी र सवारी साधन परिचालन गरी विद्यमान संकटको सामाना गर्ने कार्यमा सहयोग पुऱ्याई दिनु हुन समेत सम्पूर्ण सेवा प्रदायकहरुलाई अनुरोध गर्दछौं ।

यदि कुनै पनि समस्या परेमा प्राधिकरणका उपनिर्देशक एवं सूचना अधिकारी "श्री संदिप अधिकारी" लाई सम्पर्क नं. ९८४१२३५६८८ मा सम्पर्क गर्न सकिनेछ ।

संदिप अधिकारी
उप-निर्देशक

Scanned with CamSca